**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले उत्तर प्रदेशको दुई दिने भ्रमणको अवधि बरेलीमा भारतीय पशु चिकित्सा अनुसंधान संस्थानको 11ओ दीक्षांत समारोहमा भाग लिनुहुनेछ।

- **केंद्रीय गृह मंत्री अमित शाहले 31 मार्च, 2026 सम्म भारतलाई उग्रवादबाट मुक्त गर्ने केंद्र सरकारको संकल्प दोहोर्याउनु भयो।**

- लोकसभा अध्यक्ष ओम बिरलाले आज हिमाचल प्रदेशको धर्मशाला स्थित तपोवनमा राष्ट्रमंडल संसदीय संघ-सीपीए संघको जोन-2 को वार्षिक सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

- विदेश मंत्री एस जयशंकर आज देखि तीन दिनको आधिकारिक यात्रामा अमरीका जानुहुनेछ।

- **बैडमिंटनमा आयुष शेट्टीले यू एस ओपन 2025 जितेर यस सीजनमा विश्व बैडमिंटन संघ-बीडब्ल्युएफ वर्ल्ड टूर को खिताब जित्ने पहिलो भारतीय बनेर इतिहास रचेका छन्।**

**राष्ट्रपति - उत्तर प्रदेश**

राष्ट्रपति द्रौपदी मुर्मु आज देखि उत्तर प्रदेशको दुई दिने भ्रमणमा रहनुहुनेछ। उहाले बरेलीमा भारतीय पशु चिकित्सा अनुसंधान संस्थानको 11ओ दीक्षांत समारोहमा भाग लिनुहुनेछ। राष्ट्रपति मुर्मुले भोलि गोरखपुरमा महायोगी गुरु गोरखनाथ आयुष विश्वविद्यालयको उद्घाटन गर्नुहुनेछ। यस अवधि उहा गोरखपुरको महायोगी गोरखनाथ विश्वविद्यालय पनि जानुहुनेछ जहाँ उहाले विश्वविद्यालयको ऑडिटोरियम, अकादमिक ब्लॉक अनि पंचकर्म केंद्रको उद्घाटन गर्नको साथै एउटा नयाँ गर्ल्स हॉस्टलको आधारशिला रख्नुहुनेछ।

**अमित शाह**

केंद्रीय गृह मंत्री अमित शाहले भन्नुभएको छ कि हथियारबंद माओवादिहरु सित कुनै प्रकारको बातचीत गरिने छैन। उहाले तेलंगानाको निजामाबादमा किसान सम्मेलनलाई संबोधित गर्दै भन्नुभयो कि आदिवासिहरु , पुलिसकर्मिहरु अनि सुरक्षाकर्मिहरुको हत्या गर्नेहरु सित कुनै बातचीत हुन सक्दैन। गृह मंत्रीले वामपंथी उग्रवादिहरुसित हथियार छोडेर मुख्यधारामा सामेल हुने आह्वान गर्नुभयो। श्री शाहले 31 मार्च, 2026 सम्म भारतलाई उग्रवादबाट मुक्त गर्ने केंद्र सरकारको संकल्प दोहोर्याउनु भयो। उहाले आशंका ब्येक्त गर्नुभयो कि कांग्रेस पार्टीले देश भरि बाट भागेका माओवादिहरुलाई तेलंगानामा शरण दिन सक्छ। श्री शाहले मुख्यमंत्री ए. रेवंत रेड्डी सित तेलंगानालाई माओवादिहरुको अड्डा बन्न नदिने बताउनुभयो।

**ओम बिरला-सीपीए सम्मेलन**

लोकसभा अध्यक्ष ओम बिरलाले आज हिमाचल प्रदेशको धर्मशाला स्थित तपोवनमा राष्ट्रमंडल संसदीय संघ-सीपीए संघको जोन-2 को वार्षिक सम्मेलनको उद्घाटन गर्नुहुनेछ। यस जोनमा दिल्ली, हरियाणा, हिमाचल प्रदेश अनि पंजाब जस्ता राज्यहरु तथा केन्द्रशासित प्रदेश जम्मू-कश्मीर सामेल छन्। यस सम्मेलनको उद्देश्य समकालीन समयमा लोकतांत्रिक संस्थानहरुलाई सशक्त बनाउनु , श्रेष्ठ कार्य प्रणालिहरु साझा गर्नु अनि शासन तथा विधायी कार्यको लागि नवाचारी तरीकाहरु

खोज्ने संबंधी एक महत्वपूर्ण मंचको रूपमा सेवा प्रदान गर्नु हो। सम्मेलनको विषय-डिजिटल युगमा सुशासन: संसाधनहरुको प्रबंधन, लोकतंत्रको रक्षा अनि नवाचारलाई अपनाउनु रहेको छ।

## यूजीसी रैगिंग

विश्वविद्यालय अनुदान आयोग - यूजीसी ले रैगिंग रोकथाम विनियमहरुको अनुपालन नगरेकोमा चार भारतीय प्रौद्योगिकी संस्थानहरु - आईआईटी, तीन भारतीय प्रबंधन संस्थानहरु - आईआईएम अनि अलीगढ़ मुस्लिम विश्वविद्यालय सहित देशको 89 संस्थानहरुलाई नोटिस जारी गरेको छ। रैगिंग संबंधी यूजीसी विनियम 2009 अनुसार, यस सित सम्बन्धित प्रत्येक संस्थानहरुले छात्रहरुको अनुपालन, आश्वासन अनि रैगिंग विरोधी आश्वासन पत्र जमा गर्नु आवश्यक छ। नोटिस अनुसार यी संस्थानहरुले बारम्बार विद्यार्थिहरुबाट लिखित रुपमा अनिवार्य रैगिंग रोधी वचनबद्धता अनि संस्थानहरुबाट अनुपालन वचनबद्धता प्रस्तुत गर्न असफल रहे।

## नेपाल-राष्ट्रीय धान दिवस

नेपालमा प्रतेक बर्ष विक्रम संवत अनुसार आषाढ़को 15 ओ दिन राष्ट्रीय धान दिवस मनाइन्छ। यस अवसरमा देश भरिमै चावल रोपण समारोहको आयोजन गरियो जसमा मानिसहरुले वर्षाको अवधि खेतहरुमा धान रोपे। राष्ट्रपति रामचंद्र पौडेल अनि प्रथम महिला सबिता पौडेलले राष्ट्रपति भवन, शीतल निवासमा धान रोपाई समारोहमा भाग लिनुभयो। राष्ट्रपति पौडेलले भन्नुभयो -कृषकहरुलाई खाद्य उत्पादकको रूपमा सम्मानित गरिनुपर्ने छ। उहाले नेपालमा कृषिलाई आधुनिक बनाउने आवश्यकता माथि जोर दिनुभयो। चामल नेपालको एक प्रमुख खाद्य बाली हो , जसले खाद्य सुरक्षामा योगदान दिंदछ अनि यो मानसून साथै वसंतमा पनि रोप्ने गरिन्छ। नेपाल सरकारले कृषि क्षेत्रलाई राष्ट्रीय प्राथमिकता भएको क्षेत्रहरुमा राखेको छ।

## आपातकाल विशेष स्टोरी

भारतको लोकतांत्रिक इतिहासको सबै भन्दा कालो अध्यायहरु मद्धे एक को रूपमा स्मरण गरिने आपातकालको 50 ओ वर्षगांठको अवसरमा देश भरिमै अनेक कार्यक्रम आयोजित गरिँदैछ। यस अवधि आंतरिक सुरक्षा व्यवस्था अधिनियम-मीसा, अंतर्गत जेलमा बंद मानिसहरुलाई सम्मानित गरिनेछ। यस सम्बन्धमा हामीले वरिष्ठ पत्रकार बलबीर दत्तसित कुराकानी गर्यौ र उहाले आपातकालको कालो दिनहरुको अवधि आफ्नो अनुभव साझा गर्नुभयो।

(बाइट: बलबीर दत्त)

## तमिलनाडुका मुख्यमन्त्री-मछुवाहरू

तमिलनाडुका मुख्यमन्त्री एम.के.स्टालिनले विदेशमन्त्री एस. जयशंकरलाई श्रीलंकाले पक्राउ गरेका माझीहरू र उनीहरूका डुङ्गाहरू फिर्ता ल्याउन सहयोग गर्ने आग्रह गर्नु भएको छ। एक पत्रमा, श्री स्टालिनले यस मुद्दामा तत्काल हस्तक्षेपको आवश्यकतामा जोड दिनु भएको छ। यस भन्दा अघि, श्रीलंकाली अधिकारीहरूले रामेश्वरमबाट आएको एउटा डुङ्गा सहित आठ माझीहरूलाई पक्राउ गरेका थिए। यस्ता घटनाहरूले डुङ्गा र उपकरणहरूमा क्षति पुर्‍याउँछ। साथै, लामो समयसम्म हिरासतमा राख्नाले पीडित परिवारहरूमा ठूलो मानसिक दबाब पर्नसक्ने मुख्यमन्त्रीले थप भन्नुभएको छ।

## जयशंकर - अमरीका यात्रा

विदेश मंत्री एस जयशंकर आज देखि तीन दिनको आधिकारिक यात्रामा अमरीका जानुहुनेछ। उहाले अमेरीकाका विदेश मंत्री मार्को रुबियोको निमंत्रणमा भोलि हुने क्वाड समूहका विदेश मंत्रिहरुको बैठकमा भाग लिनुहुनेछ। विदेश मंत्रालयले बताए अनुसार क्वाड समूहले स्वतंत्र अनि खुल्ला हिंद-प्रशांत क्षेत्रको लागि एउटा साझा दृष्टिकोणलाई अघि बढ़ाउनको लागि नयाँ प्रस्तावहरु माथि ध्यान केंद्रित गर्नेछ। पहलगाम हमला पछि क्वाड मंत्रिहरुको यो पहिलो बैठक हुनेछ।डॉ. जयशंकरले आज न्यूयॉर्कमा संयुक्त राष्ट्र मुख्यालयमा "द ह्युमन कौस्ट ऑफ टेरेरिज्म" विषय माथि एक प्रदर्शनीको पनि उद्घाटन गर्नुहुनेछ। यसमा आतंकवादी कृत्यहरुको विनाशकारी प्रभाव हुनको साथै अंतर्राष्ट्रीय समुदाय द्वारा आतंकवादसित जुझ्नको लागि गरिएको कार्रवाहीलाई दर्शाईएको छ।

## कोलकाता - सामूहिक बलात्कार

कोलकाता पुलिसले कसबा ल कलेज सामूहिक बलात्कार घटनाको अनुसन्धान गर्न गठित विशेष अनुसन्धान टोली (एसआईटी) का सदस्यहरूको संख्या पाँचदेखि बढाएर नौ पुऱ्याएको छ। यसैबीच, विपक्षी दलहरूले कोलकातामा धेरै विरोध जुलुस निकालेर घटनाको विरोध गरिरहेका छन्। केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले हिज कोलकातामा सत्तारूढ तृणमूल कांग्रेसको आलोचना गर्नुभयो। वहाले भन्नुभयो तृणमूल कांग्रेसको शासनकालमा पश्चिम बंगालमा अघोषित आपतकाल लागू गरिएको छ। विधानसभामा विपक्षी नेता तथा भाजपा नेता शुभेन्दु अधिकारीले ममता बनर्जीको शासनकालमा बंगालमा महिला र केटीहरू सुरक्षित नभएको बताउनु भयो।

## बैडमिंटन - यूएस ओपन

बैडमिंटनमा आयुष शेट्टीले यू एस ओपन 2025 जितेर यस सीजनमा विश्व बैडमिंटन संघ-बीडब्ल्युएफ वर्ल्ड टूर को खिताब जित्ने पहिलो भारतीय बनेर इतिहास रचेका छन् । आयुषले फाइनलमा कनाडाका ब्रायन यांगलाई 21-18, 21-13 ले पराजित गरे । सटीकता सित खेल्दै शेट्टीले म्याचमा असल प्रदर्शन गरे अनि कनाडाई खेलाडीलाई प्रारम्भमानै बैकफुटमा राखे । यस भन्दा पुर्ब सेमीफाइनलमा उनले बिश्वका छैठो बरियता प्राप्त खेलाडी चोउ टिएन चेन लाई पराजित गरेर ठुलो जित दर्ता गरेका थिए । यस खिताब सितै शेट्टीले कनाडा ओपन 2023 पछि विदेशी धरतीमा बीडब्ल्युएफ वर्ल्ड टूर मा देशको पहिलो पुरुष एकल खिताब जितेका छन् । येद्धपी प्रतियोगिताको महिला एकलमा तन्वी शर्मा फाइनल म्याचमा जीत दर्ता गर्न असफल रहे । उनि शीर्ष वरीयता प्राप्त खेलाडी बेइवेन झांग बिरुद्ध तीन सेटको कडा म्याचमा 11-21, 21-16, 10-21 ले पराजित भए ।